# अनुगमन/भ्रमण प्रतिवेदन

**अनुगमनकर्ताः** रबिन्द्रकाजी थापा, वरिष्ठ बागवानी विकास अधिकृत

भीष्मकान्त घिमिरे, कृषि अधिकृत

**अनुगमन अवधिः** २०७३/०२/१० देखि २०७३/०२/१६ सम्म

## आयोजना नं.: १२१५

**अनुगमन गरिएको आयोजनाहरुः** Improving the productivity of resource poor farmer's pig herds through promotion of probiotics in Kavre district.

**आयोजना संचालन गर्ने संस्थाः** Agriculture Research and Business Incubation Pvt. Ltd., Gairidhara, Kathmandu

**अनुगमन गरिएको स्थानः** पाँचखाल न.पा., काभ्रे

**अनुगमनमा सहभागी संस्थाका व्यक्तिहरुः** Dr. Ram Krishna Khatiwada (Project Coordinator) and Abinas Panta (Head of Lead Institution)

### अनुगमनका क्रममा भए गरेका क्रियाकलापहरुः

- आयोजना प्रारम्भ अन्तरक्रिया गोष्ठीमा सहभागि भई आयोजनाको सम्बन्धमा स्थानीय कृषक समुदायसँग अन्तरक्रिया गरियो ।

### आयोजनाको उपलब्धी एवं तत्कालिन प्रभावहरु

- आयोजना संचालनको प्रारम्भिक चरणमा रहेको हुँदा उपलब्धीहरु प्राप्त हुने समय नभएको ।

### अनुगमनको क्रममा देखिएका मुख्य कमजोरीहरु/समस्याहरु

- भर्खरै आयोजना स्वीकृत भई Inception workshop भईरहेको हुँदा हाल कुनै समस्या नरहेको ।

### अनुगमनको क्रममा दिईएको सुझावहरु

- Inception workshop को क्रममा आयोजनाको बारेमा स्थानीय लक्षित समुदायलाई जानकारी दिईएको ।
- स्थानीय कृषकको मागलाई सम्बोधन गर्दै लक्षित समुदायको सक्रिय सहभागिता सहित आयोजनालाई अगाडी बढाउन सुझाव दिईएको ।

### निष्कर्स

- आयोजना संचालनको प्रारम्भिक चरणमा नै रहेको तथा Inception workshop मा देखिएको कृषकहरुको सक्रिय सहभागिता एवं उत्साहलाई मध्यनजर गर्दा आयोजना लक्ष्य अनुरुप निर्वाध रुपमा अगाडी बढ्ने विश्वाश लिन सकिन्छ ।

# आयोजना नं.: ११३५

**अनुगमन गरिएको आयोजनाहरुः** Development of a Model hi-tech vegetable production system for creating economic opportunities to the unemployed youth of Kavre District.

**आयोजना संचालन गर्ने संस्थाः** Nepal Integrated Model Agro Farm Pvt. Ltd., Kavre

**अनुगमन गरिएको स्थानः** उग्रचण्डी, काभ्रे

**अनुगमनमा सहभागी संस्थाका व्यक्तिहरुः** Bimal Prajapati (Project Coordinator) and Singha Bahadur Karmacharya (Head of Lead Institution)

## अनुगमनका क्रममा भए गरेका क्रियाकलापहरुः

- संस्थाले नमूना प्रदर्शनको लागि निर्माण गरेको १०० फिट लम्बाई र २० फिट चौडाईका २ वटा hi-tech पोलिहाउसहरु अवलोकन गरियो ।
- एउटा पोलिहाउसभित्र गमलामा लगाईएको ईजराएली काँक्रो (जात थाहा नभएको) को उत्पादन राम्रो देखियो ।अर्को पोलिहाउस भित्र श्रृजना जातको गोलभेंडा लगाईएकोमा कीराको प्रकोपले बोटको बृद्धि विकास सन्तोषजनक देखिएन । साथै पोलिहाउसभित्र थोपा सिंचाई प्रविधि र ह्युमिडिफाएर पनि जडान गरिएको देखियो ।
- प्लाष्टिक मल्चिङ गरेको र नगरेको गोलभेडाको बोटहरुको बृद्धि विकासमा देखिएको स्पष्ट फरकबाट कृषकहरु प्लाष्टिक मल्चिङको प्रयोगमा आकर्षित हुन सक्ने देखियो ।
- आयोजनासँग सोझै सम्बन्ध नभएतापनि संस्थाबाट भईरहेको प्रांगारिक मल उत्पादन तथा बंगुर पालन सम्बन्धी गतिविधीहरुको बारेमा जानकारी लिने तथा अवलोकन गर्ने कार्य समेत गरियो ।

## आयोजनाको उपलब्धी एवं तत्कालिन प्रभावहरु

- आयोजना संचालनको १ वर्ष मात्र भएको हुँदा उल्लेखनीय उपलब्धीहरु हासिल भईनसकेको अवस्था रहेको देखिन्छ ।यद्यपी नमूना हाईटेक पोलिहाउस उक्त क्षेत्रमा नै नयाँ प्रविधि भएको हुँदा पूर्ण व्यवसायिक कृषकहरु सो प्रविधि तर्फ आकर्षित हुन सक्ने देखिन्छन् भने मध्यमस्तरका कृषकहरु बाँसको कम लागतबाट बन्ने पोलीहाउस प्रति आकर्षित हुन सक्नेछन् ।

## अनुगमनको क्रममा देखिएका मुख्य कमजोरीहरु/समस्याहरु

- स्वीकृत आयोजना पूर्ण प्रस्ताव अनुसार आयोजनाको विवरण सहितको Hoarding Board हालसम्म पनि राखेको पाईएन । (hoarding board को फर्मेट उपलब्ध हुन नसकेर नराखेको अब तत्काल राखिने भन्ने जानकारी पाईयो)
- कृषक समूहहरु गठन भएतापनि मिटिङहरुमा स्पष्ट माईनुट नलेखिएको ।
- गठन भएको कृषक समूहहरुको दीगोपनको लागि कृषि सेवा केन्द्रहरुसँग link नगराईएको ।
- मोडल पोलिहाउससँगै कृषकहरुको खेतबारीमा पनि स्थानीय प्रविधिका पोलिहाउसहरु निर्माण गर्न प्रति पोलिहास १० हजार सहयोग गरिने व्यवस्था स्वीकृत आयोजना प्रस्तावमा भएतापनि हालसम्म सो कार्य हुन नसकेको ।(आगामी चौमासिकमा सो कार्यक्रम हुने जानकारी प्राप्त)

## अनुगमनको क्रममा दिईएको सुझावहरु

- Hoarding board तत्काल राख्नु पर्ने ।
- गठन भएका कृषक समूहहरुलाई जिल्ला कृषि विकास कार्यालयमा दर्ता गरि कृषि सेवा केन्द्र बनेपासँग Link गराईनु पर्ने ।
- पोलिहाउसमा लगाईएको गोलभेंडामा देखिएको कीरा नियन्त्रणको लागि दैहिक कीटनाशक विषादी प्रयोग गर्न सुझाव दिईएको ।

## निष्कर्स

- आयोजनाको केही क्रियाकलापहरु लक्ष्यभन्दा केही ढिलो भईरहेतापनि समग्रमा आयोजनाको गतिविधि सन्तोषजनक एवं लक्षित उपलब्धि हासिल गर्ने तर्फ अग्रसर रहेको देखिन्छ । स्वीकृत पूर्ण आयोजना प्रस्तावमा केही क्रियाकलापहरुको सम्बन्धमा अस्पष्टता रहेको सन्दर्भमा सम्बन्धीत डेक्स अफिसर, आयोजना संयोजक र संस्थाको प्रतिनिधि बसी थप स्पष्ट हुँदा भविष्यमा आयोजना कार्यान्वयनमा सहजता आउने देखिन्छ ।







# आयोजना नं.: ११३८

**अनुगमन गरिएको आयोजनाहरु:** Promotion of low cost fodder based milk production systems for the livelihood of the smallholder dairy farmers of Kavrepalanchok district

**आयोजना संचालन गर्ने संस्था:** Community Health and Environment Development Center, Gongabu, Kathmandu

**अनुगमन गरिएको स्थान:** फूलबारी, काभ्रे

**अनुगमनमा सहभागी संस्थाका व्यक्तिहरु:** Deepak Chaulagain (Contact person of Lead Institution)

**अनुगमनका क्रममा भए गरेका क्रियाकलापहरुः**

- आयोजनाबाट प्रबर्द्धन गरिएको कञ्चन दुग्ध उत्पादक कृषक समूहको अध्यक्षसँग आयोजनाको बारेमा अन्तरक्रिया गरियो ।
- संस्थाले स्थापना गरेको घाँस उत्पादन प्रदर्शन ब्लकको अवलोकन निरीक्षण गरियो ।
- आयोजना क्षेत्रका अन्य लाभान्वित कृषकहरुसँग अन्तरक्रिया गरियो ।

**आयोजनाको उपलब्धी एवं तत्कालिन प्रभावहरु**

- आयोजना संचालनको १ वर्ष मात्र भएको हुँदा उल्लेखनीय उपलब्धीहरु हासिल भईनसकेको अवस्था रहेको देखिन्छ ।
- आयोजनामार्फत संचालित तालिमले कृषकहरु घाँस खेती प्रविधितर्फ केही जानकार भएको देखियो ।

**अनुगमनको क्रममा देखिएका मुख्य कमजोरीहरु/समस्याहरु**

- आयोजना संयोजक एवं संस्थाका प्रतिनिधिहरु नियमित रुपमा आयोजना क्षेत्रमा जाने गरेको देखिएन ।
- आयोजना मार्फत वितरण गरिएको घाँस कीट समय (लगाउने मौसम)मा कृषकहरुकोमा नपुगेको देखियो ।
- आयोजनाबाट स्थापना गरिएको घाँस प्रदर्शन ब्लक समेत उचित व्यवस्थापनको अभावमा प्रदर्शन योग्य देखिएन ।
- गठन गरिएको समूहलाई जिल्ला पशुसेवा कार्यालय वा पशुसेवा केन्द्रसँग Link गरिएको पाईएन ।

**अनुगमनको क्रममा दिईएको सुझावहरु**

- गठन भएका कृषक समूहहरुलाई जिल्ला पशुसेवा कार्यालय/पशुसेवा केन्द्रमा दर्ता गरि सम्बन्धित सेवा केन्द्रसँग Link गराईनु पर्ने ।
- आयोजनाबाट वितरण गरिने सामाग्रीहरु समयमा कृषककोमा पुग्नु पर्ने तथा सो कार्यको प्रभावकारीताको लागि स्थानीय समाजिक परिचालकलाई थप जिम्मेवार बनाईनु पर्ने ।
- आयोजना संयोजक एवं संस्थाका प्रतिनिधिहरु नियमित रुपमा समय समयमा आयोजना स्थलमा पुगि आयोजनाको क्रियाकलापहरु प्रभावकारी रुपमा कार्यान्वयनको लागि लाग्नु पर्ने ।

**निष्कर्स**

- समग्रमा आयोजनाका केही क्रियाकलापहरु समयमा गुणस्तीय रुपमा भएको नदेखिएको हुँदा आयोजना कार्यान्वयन गर्ने संस्थाले आफ्नो कार्यशैली थप सुधार गरि अगाडी बढ्नु पर्ने देखिन्छ । साथै उक्त आयोजनाको प्रभावकारिताको लागि NARDF बाट समेत नियमित अनुगमनको आवश्यकता देखिन्छ ।




आयोजना क्षेत्रमा आयोजना सम्बन्धि Hoarding Board



आयोजनाबाट स्थापित घाँस उत्पादन प्रदर्शन ब्लक